# वेष्टर्न डेभलपमेन्ट बैंक लिमिटेड

केन्द्रीय कार्यालय, घोराही दाङ
फोन नं. ०८२-५६०७३२ फ्याक्स नं. ०८२-५६०९०७
Email: wdbldang@yahoo.com Website : www.wdbldang.com.np

को

## शेयरधनी महानुभावहरुलाई बोनस शेयर प्रमाणपत्र वितरण सम्बन्धी सूचना

यस वेष्टर्न डेभलपमेन्ट बैंक लिमिटेडको मिति २०७२/१२/३० मा सम्पन्न दशौं वार्षिक साधारण सभाबाट पारित भए बमोजिम चुक्ता पूँजीका २०% प्रतिशत बोनस शेयर प्रमाणपत्र **आज मिति २०७३ असार ०६ गते सोमबार**देखि बैंकको शेयर रजिष्ट्रार **ग्रोमोर मर्चेन्ट बैंकर लिमिटेड**, **दरवारमार्ग**, **काठमाण्डौं**बाट प्राप्त गर्न सक्ने व्यवस्था मिलाइएको हुनाले सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

### बोनस शेयर प्रमाणपत्र बितरण हुने समयः

- **आइतबार-बिहीबार** : १०:०० बजेदेखि ३:०० बजेसम्म
- **शुक्रबार** : १०:०० बजेदेखि १:३० बजेसम्म

**अन्य जानकारी**

१. बोनस शेयर प्रमाणपत्र लिन आउँदा अनिवार्य रुपमा आफ्नो शेयर प्रमाण-पत्रको सक्कल प्रति वा सो को प्रतिलिपि र अन्य कुनै परिचय खुल्ने परिचय-पत्रको सक्कल प्रति सहित उपस्थित हुनु होला।

२. आफै उपस्थित हुन असमर्थ शेयरधनीहरुले कुनै प्रतिनिधि मार्फत अख्तियारनामा दिई बोनस शेयर प्रमाणपत्र प्राप्त गर्न सक्नुहुनेछ। यसरी प्रतिनिधि मार्फत बोनस शेयर प्रमाणपत्र प्राप्त गर्न चाहने शेयरधनीहरुले आफ्नो शेयर प्रमाण-पत्रको सक्कलप्रति वा सो को प्रतिलिपिका साथै मन्जुरीनामा प्राप्त गर्ने व्यक्तिको कुनै आधिकारीक परिचय पत्रको प्रतिलिपि समेत पेश गर्नु पर्नेछ।

३. शेयर प्रमाण-पत्र धितोबन्धक राखेका शेयरधनीहरुको हकमा सरोकारवाला कम्पनीहरुबाट बोनस शेयर प्रमाण-पत्र रोक्का फुकुवा भएको स्वीकृति-पत्र अनिवार्य रुपमा पेश गर्नु भए पश्चात मात्र बोनस शेयर प्रमाण-पत्र बुझिलिन सक्नुहुनेछ।

***पुनश्च :*** **यस बैंकको दशौं वार्षिक साधारण सभाको लागि शेयरधनी दर्ता किताब बन्द (Book Closed) हुनु भन्दा अगाडी DEMAT खातामा शेयर जम्मा गर्नु भएका शेयरधनी महानुभावहरुको हकमा बोनस शेयर सूचिकृत भए पश्चात् मात्र सम्बन्धित खातामा बोनस शेयर जम्मा गरिने व्यहोरा जानकारी गराइन्छ ।**

**शेयर रजिष्ट्रारः**

GROWMORE
Merchant Banker Ltd.

ग्रोमोर मर्चेन्ट बैंकर लिमिटेड

**दरवारमार्ग, काठमाण्डौं, फोन : ४२२२९८७, फ्याक्स : ४२२२८०२**
**E-mail: info@growmoremerchant.com ~ website:www.growmoremerchant.com**